# निक्षेप तथा कर्जा सुरक्षण कोष

**टंगाल, काठमाण्डौं**

## ऋणीगत (एकल) कृषि कर्जा सुरक्षण योजना, २०८३ मा सहभागिताको लागि बैंक तथा वित्तीय संस्थाहरूबाट सदस्यता निवेदन पेश गर्ने सम्बन्धी सूचना !

प्रथम पटक प्रकाशित मिति २०८३/४/११

यस कोषले संचालन गर्न लागेको **ऋणीगत (एकल) कृषि कर्जा सुरक्षण योजना, २०८३** कार्यान्वयनको लागि साझेदार संस्थाको रुपमा छनौट भई कार्य गर्न इच्छुक नेपाल राष्ट्र बैंकबाट ईजाजत प्राप्त र यस योजना परीक्षणका लागि छनोट गरिएका काभ्रेपलाञ्चोकको पाँचखाल नगरपालिका जुम्लाको चन्दननाथ नगरपालिका पातारासी गाँउपालिका र तातोपानी गाँउपालिका सुर्खेतको वीरेन्द्रनगर नगरपालिका बाजुराको बुढीगंगा नगरपालिका बुढीनन्दा नगरपालिका र त्रिवेणी नगरपालिका, र कैलालीको धनगढी उपमहानगरपालिका मध्ये न्यूनतम तीनवटा स्थानीय तहमा एक वा एकभन्दा बढी शाखा संचालनमा रहेका बैंक तथा वित्तीय संस्थाहरुबाट यो सूचना प्रकाशित भएको मितिले १५ दिन भित्र तपशील बमोजिमका कागजात संलग्न गरी अनुसूची-२ को ढाँचामा निवेदन पेश गर्नहुन यो सूचना प्रकाशित गरिएको छ।

<u>तपशील:</u>

(क) निवेदक संस्थाको सञ्चालक समितिको निर्णयको प्रमाणित प्रतिलिपि,

(ख) पछिल्लो आर्थिक वर्षको कर चुक्ता प्रमाणपत्रको प्रमाणित प्रतिलिपि,

(ग) नेपाल राष्ट्र बैंकले तोके बमोजिमको पूँजी कोष कायम रहेको र राष्ट्र बैंकबाट समस्याग्रस्त घोषणा नभएको सम्बन्धमा स्वघोषणा पत्र,

(घ) निवेदक संस्थाको अद्यावधिक कर्जा लगानी नीति वा विनियमावलीको प्रमाणित प्रतिलिपि,

(ङ) निवेदकको तर्फबाट सम्झौतापत्रमा हस्ताक्षर गर्ने आधिकारिक प्रतिनिधिको अख्तियारी पत्र

*नोटः योजनामा उल्लेखित आवश्यक कागजात मध्ये अन्य कागजात कोषसंग उपलब्ध भएकाले माथि उल्लेखित कागजात मात्र मागगरिएको छ। निवेदनको ढाँचा यसै सूचनासंग संलग्न गरिएकोछ । योजना सम्बन्धी विस्तृत जानकारी, निवेदनको ढाँचा, बैंक तथा वित्तीय संस्थाको छनौटको आधार तथा मापदण्ड तथा अन्य जानकारीका लागि [Agri-CGS, 2083] मा क्लिक गर्नुहोस वा कोषमा सम्पर्क गर्नुहोस ।*

निक्षेप तथा कर्जा सुरक्षण कोष
Deposit & Credit Guarantee Fund
(नेपाल सरकारको पूर्ण स्वामित्वमा स्थापित)

टंगाल, काठमाण्डौं

**Contact:**
**01-4521241,4510659, 5970775**
**Email: credit@dcgf.gov.np;**
**info@dcgf.gov.np;**
**Website:www.dcgf.gov.np**

**अनुसूची - २**

(दफा ४ को उपदफा (२) सँग सम्बन्धित)

<u>सदस्य संस्थाको सदस्यताको लागि दिने निवेदनको ढाँचा</u>

पत्र सङ्ख्याः- मितिः

श्री प्रमुख कार्यकारी अधिकृतज्यू,
निक्षेप तथा कर्जा सुरक्षण कोष,
टंगाल, काठमाडौं ।

**विषयः ऋणीगत (एकल) कृषि कर्जा सुरक्षण योजना, २०८३ <u>को सदस्यता लिने सम्बन्धमा ।</u>**

यस कोषको ऋणीगत (एकल) कृषि कर्जा सुरक्षण योजना, २०८३ बमोजिम प्रवाह हुने कर्जाहरुको सुरक्षण गर्न बैंक इच्छुक भएको व्यहोरा जानकारी गराउदँछु । ऋणीगत (एकल) कृषि कर्जा सुरक्षण योजना, २०८३ को दफा ४ को उपदफा (३) बमोजिमका कागजात सहित यो निवेदन पेश गरेको छु ।

**<u>संस्थाको तर्फबाट अधिकारप्राप्त व्यक्तिकोः-</u>**

दस्तखतः

नाम, थरः

पदः

निवेदक संस्थाको नाम, ठेगानाः

संस्थाको छाप